# नेपाल गजेट

## भाग ४

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं। माघ २१ गते २०१३ साल

### प्रधानमन्त्रालय राज्यव्यवस्था तथा गृहमन्त्रालयको।

### सूचना।

निजामती सेवा नियमावली २०१३ को परिच्छेद ३ का दफा ३।४ मुताविक निम्नांकित बमोजिम सरकारले देहाय बमोजिम विभागीय प्रमोशन समिति नियुक्त गरेको छ।

(१) नन-ग्याजेटेड कर्मचारीहरूको प्रमोशन गर्न निम्नांकित बमोजिम गर्नै।

क] सचिवालयमा:—

[अ] लोकसेवा आयोग [प. स. क.] का सदस्य — अध्यक्ष।

[आ] विभागीय सेक्रेटरी वा प्रमुख सेक्रेटरीको विभाग सम्बन्धमा प्रमुख सेक्रेटरी — सदस्य।

इ] विभागीय मन्त्रीले मनोनीत गरेको डे. से. वा अ. से. १ जना — सदस्य।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

[ख] काठमाडौं उपत्यकामा:—

[अ] लोकसेवा आयोग [प. स. क.] का सदस्य अध्यक्ष ।
[आ] तालुक मन्त्रालयका सेक्रेटरी वा. डे. से. सदस्य ।
[इ] विभागीय प्रमुख सदस्य ।

[ग] मोफसलमा:—

[अ] बडाहाकिम अध्यक्ष ।
[आ] सम्बन्धित अड्डाको हाकिम सदस्य ।
[इ] अरू अड्डाकोमा गोस्वाराको असिस्टेन्ट र गोस्वाराकै रोल भएका आलका हाकिम सदस्य ।

(२) गजेटेड कर्मचारीहरूको प्रमोशन गर्न निम्नांकित बमोजिम गर्ने ।

(क) उक्त नियमावलीको परिच्छेद २ को दफा ३ को उपदफा २ मुताबिक सरकारले मनोनीत गर्ने ३ सेक्रेटरीहरूमा निम्नांकित मन्त्रालयका सेक्रेटरीहरूमा निम्नांकित क्रमैसंग ३।३ जना ।२ महिनाका आलोपालोसंग रहने । तो पालो परेका सेक्रेटरीकै विभाग मन्त्रालयमा प्रमोशन गनु पर्न हुन आएमा वा कारणवश कुनै सेक्रेटरी उपस्थित हुन नपाएमा पहिला क्रमकाले दोस्रा क्रमका, दोस्रा क्रमकाले तेस्रा क्रमका र तेस्रा क्रमकाले पहिला क्रमका (अ) उपदफामा लेखिएका सेक्रेटरी रहने छ ।

[१] पहिला क्रम:—

[अ] प्रधानमन्त्रालय राज्यव्यवस्था तथा गृहमन्त्रालयका सेक्रेटरी ।
[आ] अर्थमन्त्रालयका सेक्रेटरी ।
[इ] परराष्ट्रमन्त्रालयका सेक्रेटरी ।

[२] दोस्रो क्रम:—

[अ] रक्षामन्त्रालयका सेक्रेटरी ।
[आ] खाद्य, कृषि तथा वनमन्त्रालयका सेक्रेटरी ।
[इ] उद्योग वाणिज्य तथा योजना विकास मन्त्रालयका सेक्रेटरी ।

४।८।४ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

[३] तेस्रो क्रमः—

[अ] शिक्षा, स्वास्थ्य तथा स्थानिय स्वायत शासन मन्त्रालयका सेक्रेटरी।

[आ] कानून तथा संसदीय प्रबन्ध मन्त्रालयका सेक्रेटरी।

[इ] पब्लिक वर्क्स तथा संचार मन्त्रालयका सेक्रेटरी।

[ख] उक्त लेखिएको प्रमोशन समिति जुन मन्त्रालय विभाग वा अड्डाबाट प्रमोशन गर्नु परेको छ उसैले उक्त लेखिएका पदाधिकारीहरूलाई सूचित गरि गठन गर्नु पर्छ।

आज्ञाले-

माणिकलाल

सेक्रेटरी-प्र. म. राज्यव्यवस्था तथा गृहमन्त्रालय

गोरखापत्र छापाखानामा मुद्रित। मैनेजर प्रेमराज शर्मा

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।